**नेपाल सरकार**
**शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको**

## स्नातकोत्तर तहबाट अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरी तालिम पूरा गरेका व्यक्तिहरुका लागि जरुरी सूचना

यस आयोगको मिति २०६८ पौष २७ गते प्रकाशित विज्ञापन नम्वर २३/०६८/०६९ अनुसार माध्यमिक तहमा अध्यापन गर्ने प्रयोजनका लागि स्नातकोत्तर तह उत्तिर्ण गरेका व्यक्तिहरुलाई यस आयोगद्वारा मिति २०६८।१२।२५ मा लिइएको लिखित परीक्षाबाट अस्थायी अध्यापन अनुमति पत्र प्रदान गरिएकोमा मिति २०७२।०८।९ को निर्णय अनुसार उक्त अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेका र हाल आएर तालिम पुरा गरेका ( एम.एड./वि.एड. वा माध्यमिक शिक्षक १० महिने तालिम पूरा गरेका ) र सेवामा प्रवेश गरेको भए सेवा प्रबेश गरेको मितिले २ (दुई) बर्ष भित्र एम.एड./वि.एड. वा १० महिने तालिम पूरा गरेका व्यक्तिहरुबाट स्थायी अध्यापन अनुमति पत्र प्राप्त गर्ने प्रयोजनका लागि देहायका कागजातहरु संलग्न राखि आफूले पहिला अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेकै क्षेत्रीय शिक्षा निर्देशनालयमा मिति २०७२ साल भाद्र मसान्त भित्र निवेदन दिन यस आयोगको मिति २०७२।४।२४ को निर्णय अनुसार सूचना प्रकाशित गरिएकोमा कतिपयले दरखास्त बुझाउन छुट भएको भनी सम्वन्धित क्षेत्रीय शिक्षा निर्देशनालय र सरोकारवाला व्यक्तिहरुवाट जानकारी प्राप्त हुन आएकोले सो आवश्यकतालाई महशुश गरी तोकिएको समय भित्र निवेदन दिन छुटहुन गएकाहरुको हकमा मिति २०७२ साल पौष मसान्त भित्र सम्वन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा निवेदन दिन शिक्षक सेवा आयोगको मिति २०७२।८।२९ को निर्णय अनुसार दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. निवेदन (आँफैले दिनु पर्ने) ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. अस्थायी अध्यापन अनुमति पत्रको सक्कल प्रति ।
४. स्नातकोत्तर तह उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी ।
५. एम.एड., वि.एड. गरेको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र वा माध्यमिक शिक्षक १० महिने तालिम पूरा गरेको प्रमाण-पत्रको प्रतिलिपी ।
६. हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो दुई प्रति ।
७. राजश्व बापत रु ३५०।- दाखिला गरेको नगदि रसिद ।
८. प्रमाण पत्रका प्रतिलिपीहरुको पछाडी पट्टि निवेदकले सक्कल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गर्ने र सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले सक्कल हेरी अनिबार्यरुपमा प्रमाणित गर्नुपर्ने छ ।

**पुनश्च :-क्षेत्रीय शिक्षा निर्देशनालयहरुले यसै सूचनालाई आधारमानी आवस्यक व्यवस्था गर्नु गराउनुहुन ।**